लहांन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

# चमेना गृह बहाल सम्वन्धी शिलबन्दी टेण्डर आमन्त्रण सूचना ।

## (प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/१६ गते)

यस लहान न.पा. वडा नं. १० स्थीत नगरपालिकाको नगरसभा हल परिसर भित्र दक्षिण तर्फ रहेको पक्की भवनमा चमेना गृह संचालन गर्न/गराउन आर्थिक वर्ष २०८१/०८२ देखि २०८२/०८३ (दुई) वर्ष अर्थात मिति २०८१ साल असोज १ देखि २०८३ साल भाद्र मसान्त) सम्मकालागि प्रति महिना मासिक बहाल रकम वुझाउने शर्तमा बहाल ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी टेण्डर आमन्त्रण गरिन्छ ।

तपसिल :-

| सि.नं. | ठेक्काको विवरण | ठेकका अवधि | न्यूनतम कवोल अंक रकम रु. (प्रति महिना) | टेण्डर फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| ०१. | चमेना गृह संचालन, लहान-१० | २ वर्ष | ४,०००।- | १,०००।- |

शर्तहरु:

०१. टेण्डर फाराम खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०८१/०८२ कालागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (औं) दिन अर्थात् मिति २०८१/०५/३० गतेसम्म कार्यालय समयभित्र टेण्डर फाराम दस्तुर माथि उल्लेख भए वमोजिम (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको टेण्डर फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्वन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्ट सँग उल्लेख गरी १६ (औं) दिन अर्थात् २०८१/०५/३१ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लंहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

०३. टेण्डर फारम खरिद/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. टेण्डर फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. शिलवन्दी टेण्डर फाराम साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम टेण्डर फारम साथ नगद खामी आएमा कार्यालय जिमेवार हुनेछैन, साथै त्यस्तो टेण्डर फारमहरु अमान्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

०६. चमेना गृह संचालनकालागि आफुले कवोल गरेको दरमा मासिक भाडा तिर्ने शर्तमा भवन उपलव्ध गराईने छ र चमेना गृह संचालनमा लाग्ने खर्चहरु पानी, विजुली, फर्निचर लगायत अन्य सामानहरु तथा सरसफाई समेत कवोल गर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

०७. ठेक्का स्वीकृत भए पश्चात बहाल सम्झौताको वखत पहिलो महिनाको बहाल रकम चलन पट्टा लिनु अगावै र कवोल गरेको रकम वरावरको धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानी पत्र (कम्तीमा १३ महिना म्याद भएको) बुझाएमा मात्र बहाल सम्झौता गरिनेछ ।

०८. चमेना गृहको भवनमा कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सम्वन्धित ठेकेदारले क्षतिपूर्ती व्यहोर्नु पर्नेछ ।

०९. चमेना गृहमा कुनै किसिमको लागुपदार्थ (मद्यंपान, धुम्रपान, गुटखा, लागुऔषध र अन्य सुर्तिजन्य पदार्थ) विक्री वितरण गर्न पाईने छैन ।

१०. टेण्डरदाताले शिलबन्दी टेण्डर फारम साथ रहेको मूल्यसूची स्पष्ट वुझिने गरी सही छाप गरेर शिलबन्दी टेण्डर अनुसारको व्यहोरा लेखेर बुझाउनु पर्नेछ । शिलवन्दी टेण्डर फारममा खाली ठाउँ भर्नु वाहेक अन्य कुनै किसिमको केरमेट वा थपघट गर्न हुदैन ।

११. चमेना गृह संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको नाकारात्मक असर पर्ने कार्यहरु गर्न पाईने छैन ।

१२. न्यूनतम मूल्य सूची भएको टेण्डरलाई सफल टेण्डर मानिनेछ ।

१३. शिलबन्दी टेण्डर फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कार्यवाही हुनेछैन ।

१४. मेनु अनुसारको परिकारहरु स्वच्छ र ताजा खुवाउनु पर्नेछ ।

१५. नियमानुसार लाग्ने कर/दस्तुर टेण्डरदाताले स्वयं तिर्नुपर्नेछ ।

१६. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

.......................................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत